जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २५४ | २०८० साल बैशाख ३० गते शनिबार (13 May 2023 Saturday) | मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : सामाजिक न्याय, सुशासन र समृद्धिका.. ३ पृष्ठमा : लगातार किन भइरहेको छ ... ३ पृष्ठमा चुनाव नजिकिँदै गर्दा कुनै

# मानव तस्करी कार्यमा संलग्न जो सुकैलाई पनि कारवाहीको माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र




**दैनिक समाचारदाता**
**राजविराज, २९ बैशाख ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीले भुटानी शरणार्थी बनाएर तेश्रो मुलुक पठाउने कार्यमा संलग्न जो सुकैलाई पनि कारवाहीको माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर तेश्रो देश पठाई पैसा असुल्ने गिरोह र त्यसमा संलग्नताको आरोप लागेका राज्यधिकारी एवं राजनीतिकर्मी माथी छानबीन गरी दोषि पाइएकालाई कडा कारवाही गर्नु पर्ने माग गर्दै शुक्रवार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाइएको हो ।

जिल्ला अध्यक्ष उम्मदेश्वर प्रसाद साह तथा केन्द्रीय सदस्य जया महतो लगायतको अगुवाईमा प्रदर्शनसहित जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापामार्फत प्रधानमन्त्रीलाई पठाइएको ज्ञापन पत्रमा शरणार्थीको नाममा मानव तस्करीमा लागेका

*बाँकी अन्तिम पृष्ठमा*

# हरवा चरवाहरुको लगत संकलनको काम तत्काल अघि बढाउनुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, २९ बैशाख ।**

हरवा चरवा भूमि प्राप्ति सवाल विषयक अन्तरक्रिया कार्यक्रम सप्तरीको डाक्नेश्वरी नगरपालिकामा बिहीवार सम्पन्न भएको छ ।

द फ्रिडम फण्डको सहयोग तथा राष्ट्रिय भुमि आयोग सप्तरीको सहकार्यमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीद्वारा डाक्नेश्वरी नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा बक्ताहरुले भुमिहिन सुकुम्बासी हरवा चरवाहरुको लगत संकलनको काम तत्काल अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका टिम लिडर बिनोदानन्द चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रिय भुमि आयोग सप्तरीका अध्यक्ष हरेराम यादवले स्थानीय तहले भुमिहिन सुकुम्बासीको लागत संकलन गरेर दिए राष्ट्रिय भुमि आयोगले जग्गा खोजेर वितरण गर्ने बताए ।

पहिलो चरणमा सप्तरीको अग्निसाईर कृष्णासबरण गाउँपालिकामा लालपुर्जा वितरण गरिसकेको र दोश्रो चरणमा सुरुगा नगरपालिकामा वितरणको तयारी भएको जानकारी दिनुहुँदै उनले भुमिहिन सुकुम्बासी हरवा चरवाहरुको लगत संकलनमा तदारुपता देखाउन स्थानीय तहसँग आग्रह गरे ।

डाक्नेश्वरी नगरपालिकाका नगरप्रमुख रामलखन मुखियाले हरवा चरवाहरुले आफ्नो जिवनशैलीमा परिवर्तन ल्याउनुपर्ने बताउनुहुँदै त्यसमा नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । बजेट अभावका कारण भुमिहिन सुकुम्बासीहरुको लगत संकलन गर्न नसकेको बताउनुहुँदै उनले जग्गाको तथ्यांक र सुकुम्बासी भुमिहिनहरुको लगत संकलनको काम अघि बढाईने बताए ।

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले आफ्नो गाउँपालिकामा कसैलाई उठिबास हुन नदिने र उठिबास भए यसको जिम्मेवारी गाउँपालिकाले लिने बताए ।

हरवा चरवाहरुको पुर्नस्थापना, शिक्षा, स्वास्थ्य र रोजगारीका लागि गाउँपालिकाले योजनाबद्ध रुपमा अघि बढ्ने उल्लेख गर्नुहुँदै उहाँले हरवा चरवा परिवारले आफ्नो बच्चालाई शिक्षित बनाउने तर्फ ध्यान दिनुपर्ने बताए ।

राष्ट्रिय भुमि अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डलले २०७९ साउन २ मा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउबाबाट हरवा चरवा मुक्त घोषणाा भएपनि पुर्नस्थापना र रोजगारीको योजना बनाउन नसकेको प्रति दुख व्यक्त गरे ।

कही बाटो बनाउने नाममा त कही जग्गा खाली गराउने नाममा हरवा चरवा भुमिहिनहरुलाई उठिबास गराउने काम भईरहेको भन्दै उहाँले पहिले सुरक्षित बासको सुरक्षित गरेमात्र हरवा चरवा भुमिहिन सुकुम्बासीको घर भत्काउन आग्रह गरे ।

*बाँकी अन्तिम पृष्ठमा*

# ब्याज नियमित रहेका कर्जा भुक्तानीको समय तीन महिना थप्न सकिने

काठमाडौं, २९ वैशाख (रासस) ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत ब्याज नियमित रहेका कर्जा भुक्तानीको समय तीन महिना थप्न सकिने व्यवस्था ल्याएको छ ।

नियमितरुपमा ब्याज भुक्तानी भइरहेका कर्जाको सावाँ भुक्तानी गर्ने समय अब तीन महिना बढाउन सकिने भएको हो । यसरी समय बढाउँदा कुनै शुल्क वा हर्जना लाग्ने छैन । यो व्यवस्था आगामी असार समान्तसम्मका लागि मात्रै रहने राष्ट्र बैंकले जनाएको छ ।

“कर्जा चुक्ता गर्न परेको कठिनाइलाई दृष्टिगत गरी अल्पकालीन तथा चालु पुँजी प्रकृतिका कर्जालाई ब्याज नियमित रहेको अवस्थामा आवश्यकता र औचित्यको आधारमा कुनै किसिमको हर्जाना/शुल्क नलिने गरी तीन महिनासम्मका लागि २०८० असार मसान्तभित्र म्याद थप गर्न सक्ने व्यवस्था गरिएको छ”, मौद्रिक नीतिको समीक्षामार्फत राष्ट्र बैंकले भनेको छ ।

त्यस्तै, लघुवित्त वित्तीय संस्थाका ऋणीले तिर्न नसकेको ऋण आगामी असारभित्र पुनरसंरचना र पुनरतालिकीकरण गर्न सकिने राष्ट्र बैंकले जनाएको छ । “लघुवित्त वित्तीय संस्थाका सदस्य ऋणीलाई कर्जा चुक्ता गर्न परेको कठिनाइलाई दृष्टिगत गरी सम्बन्धित संस्थाले आवश्यकता र औचित्यको आधारमा २०८० असार मसान्तभित्र कर्जाको पुनःसंरचना, पुनरतालिकीकरण गर्नसक्ने व्यवस्था मिलाइने छ”, मौद्रिक नीतिको समीक्षामा भनिएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

# सामाजिक न्याय, सुशासन र समृद्धिका लागि नयाँ लडाई

**नरेन्द्र केसी**

काठमाडौँ, २९ वैशाख (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले २६ वैशाखमा काभ्रेको महाभारत गाउँपालिकामा सडक तथा ग्रामीण विद्युतीकरण कार्यक्रमको शिलान्यास गर्दै भन्नुभएको थियो, ''भ्रष्टाचार नियन्त्रणका लागि एउटा नयाँ लडाईं सुरु भएको छ।

यो लडाइँमा जनयुद्धको जस्तै साथ चाहिएको छ। विकास र समृद्धिबिना अन्यायको अन्त्य र समाजवादको नयाँ युग सूत्रपात गर्न सकिदैन। त्यसमा पनि तपाईंहरुको हिजो (जनयुद्ध)को जस्तो साथ सहयोग आवश्यक छ। म तपाईंहरुसँग अपिल गर्न चाहन्छु।'' साथै, उहाँले आफूले सरकारको नेतृत्व सम्हालेदेखि नै तीन वटा शब्दलाई बढी महत्व दिएको उल्लेख गर्दै भन्नुभएको थियो, "अन्यायमा परेकालाई न्याय चाहियो। समानता चाहियो। तिनीहरूलाई पनि अधिकार चाहियो। सामाजिक न्याय भनेको त्यही हो। सुशासन भनेको हाम्रो देशमा विसङ्गति, विकृति र भ्रष्टाचारले विकराल रूप लिएको छ। जबसम्म भ्रष्टाचारलाई अन्त्य गरिदैन नेपाली जनताले सुख र समृद्धिको दिन देख्न पाउने छैनन्।"

सामाजिक न्याय, सुशासन र समृद्धि अर्थात् यी 'तीन स'लाई आफू सरकारमा आएदेखि नै प्राथमिकतामा राखेको प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको उद्घोष थियो। प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचारविरुद्धको अभियानलाई नयाँ जनयुद्धको सङ्ज्ञा किन दिनुभयो। तत्कालीन नेकपा माओवादीले २०५२ फागुन १ गतेदेखि सुरु गरेर २०६३ मङ्सिर ५ को शान्ति सम्झौता नहुँदासम्म चलेको जनयुद्ध नेपाली इतिहासमै जनताले चलाएको नेपाली इतिहासकै लामो सशस्त्र सङ्घर्ष थियो। यद्यपि, २००७ सालको आसपास वा २०२८ देखि २०३१ को आसपास तथा २०४२ को आसपासमा विभिन्न राजनीतिक शक्तिहरुले छोटो प्रकृतिका सशस्त्र सङ्घर्ष सञ्चालन गरेका थिए। जनयुद्धको नेतृत्व गरेको, लडेको, देखेको, सुनेको वा भोगेको पुस्ताका लागि यो वर्णन नौलो नभए पनि नयाँ पुस्ताका लागि नयाँ हुनसक्छ किनकी जनयुद्ध सकिएपछि जन्मेको पुस्ता पनि अब युवाअवस्थामा प्रवेश गर्ने समय भइसकेको छ।

देशको ८० प्रतिशत भूभागमा तत्कालीन पुरानो राज्यसत्ताको उपस्थिति शून्य बनाएर जनसत्ता चलाएको र त्यसमार्फत न्याय, समानता र सुशासनको अभ्यास सुरु भएको थियो। जनयुद्धको प्रमुख सफलता भनेको सामाजिक जागरण र राजनीतिक परिवर्तन नै हो। नेपालमा जनयुद्ध नभएको भए यति चाँडै नेपाली समाज जाग्ने थिएन। वर्ग, जाति, क्षेत्र, लिङ्ग, भाषा आदिका नाममा जुन विभेद र बहिष्करणको अवस्था थियो, यसको एकमुष्ट अन्त्य गर्ने विगुल जनयुद्धले नै फुकेको हो। हो, यी क्षेत्रले अहिले जीवन व्यवहारमा पूर्ण मुक्ति पाइसकेका छैनन् तर शोषणको सामन्ती स्वरुप र संरचनाको अन्त्य भने भएको छ।

के अब पनि कोही जमिन्दारले किसानमाथि शोषण गर्ने आँट गर्ला ? पुरुषले महिलामाथि शोषण गर्दा हिजोको जस्तै महिलाहरु अब चुप लागेर बस्लान् ? हिजोको जस्तो आज कथित उच्च जातिले दलित वा अन्य उत्पीडित समुदायमाथि खुलेआम अत्याचार गर्ने आँट किन गर्दैन ? आफ्नो अधिकारका लागि कर्णाली वा मधेशलाई सङ्घर्ष गर्ने प्रेरणा र शक्ति कहाँबाट पैदा भयो ? नेपाली समाजलाई वस्तुनिष्ठ ढङ्गले अध्ययन गर्ने जो कोहीले पनि ढुक्कसँग भन्नसक्छ-यो अभूतपूर्व चेतना

जनयुद्धको पहल र प्रेरणाबाट स्थापित सामाजिक जागरणको जगमा जुन राजनीतिक परिवर्तन सम्भव भयो, त्यसकै उत्कर्ष हो-सङ्घीय लोकतान्त्रिक गणतन्त्र। नेपालमा तमामखाले राजनीतिक आन्दोलन भए सबै सम्झौतामै टुंगिए। यद्यपि, जनयुद्ध पनि सम्झौतामै टुङ्गिएको हो। तर, सारमा वृहत शान्ति सम्झौतामार्फत जसरी जनयुद्धको शान्ति प्रक्रियामा रुपान्तरण भयो, त्यसको मूल उद्देश्य नै राज्यको पुनर्संरचना र शासकीय रुपान्तरण हो। २०६२ मङ्सिरमा भएको १२ बुँदे समझदारीको अन्तरनिहित दुई बुँदाको सार थियो, तत्कालीन सात दल संविधानमार्फत गणतन्त्रमा जान तयार हुनु र तत्कालीन माओवादी युद्ध छाडेर शान्ति प्रक्रियामा आउन तयार हुनु।

जनयुद्धको स्मरण गर्दा दुई शब्दमै यसको उपलब्धिको संश्लेषण गर्न सकिन्छ कि सामाजिक जागरण र राजनीतिक परिवर्तन। आज नेपाली समाज अधिकारका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने जुन चेतना जागृत भएको छ, यसको प्रेरणा जनयुद्धकै हो। त्यस्तै आज राजनीतिकरुपमा मुलुक जसरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको रुपमा स्थापित छ, त्यसमा प्रेरणा मात्र होइन, जनयुद्धकै पहलकदमीको परिणाम हो। जनयुद्धको मुख्य उद्देश्य राजनीतिक परिवर्तनमार्फत जनताको जीवनमा रुपान्तरण ल्याउनु थियो।

विसं २०५२ मा जनयुद्ध सुरु गर्दा तत्कालीन नेकपा माओवादीले प्ष्टरुपमा भनेको थियो-आन्तरिकरुपमा सामन्तवादको अन्त्य र बाह्यरुपमा साम्राज्यवादसँग सङ्घर्ष गर्दै जनताको जीवनमा रुपान्तरण ल्याइनेछ। आन्तरिकरुपमा सामन्तवादको राजनीतिक प्रतिनिधि राजतन्त्रको अन्त्य भएको छ भने सामन्तवादका आर्थिक, सामाजिक र सांस्कृतिक आयामहरु पनि कमजोर बन्दैछन्। तर, पनि जनताले आफ्नो जीवनमा परिवर्तनको अनुभूति गर्न नसकेको साँचो हो, अबको कार्यभार पनि यही बाँकी एजेन्डा पूरा गर्नु हो।

**'तीन स' मा आधारित समाजवादको यात्रा**

प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले उद्घोष गरिसक्नुभएको छ, सामाजिक न्याय, सुशासन र समृद्धि अर्थात यी 'तीन स' अब समाजवादी आन्दोलनका मुख्य एजेण्डा हुनेछन्। सामाजिक न्यायको क्षेत्रमा हामी प्रगतिउन्मुख अवस्थामै छौं। हिजो जे जति कारणले समाजमा पछाडि पारिएका तप्का थिए, उनीहरुको चेतना र जागरणमा ठूलो परिवर्तन आएको छ। भनिन्छ- गौतम बुद्धले चार आर्य सत्य पत्ता लगाउनुअघि धेरै मानिसमा दुःखको पनि कारण हुन्छ भन्ने चेतना थिएन। जब कार्ल मार्क्सले शोषणको कारण हुन्छ र त्यसको अन्त्यका लागि शोषित वर्गले वर्ग सङ्घर्ष गर्नुपर्छ भन्ने नयाँ वैज्ञानिक मान्यता स्थापित गरे त्यसले मानव जातिमा मुक्तिको नयाँ मार्ग पहिल्याइदियो।

जनयुद्धको माध्यमबाट नेपालमा सयौं वर्षदेखि शोषण दमनमा परेका वर्ग, जाति, समुदाय, भाषा, संस्कृतिका मानिहरुले शोषणबाट मुक्ति पाउन सङ्घर्षको बाटो अपनाए। आज यो चेतनास्तरको स्तर कसैले खोस्न नसक्ने गरी विस्तार भइसकेको छ। सामाजिक न्यायको क्षेत्रमा यो ठूलो पूँजी हो, अब समाजमा विस्तार भएको चेतनाको स्तरबाटै राज्यले पनि कार्यक्रम बनाउँदै लैजान सके नेपालमा सामाजिक न्यायको सम्भावना धेरै टाढा छैन।

नेपालमा सबैभन्दा ठूलो समस्या हो-सुशासन। सीमित स्रोत साधन हुनु हाम्रो बाध्यता छ भने त्यही सीमित स्रोत साधनको पनि न्यायोचित वितरण नहुनु वरु शक्ति र पहुँचको आधारमा सीमित मानिसले राज्यको स्रोत साधनमा लुट मच्चाउनु यथार्थ बनेको छ। राज्यसत्ता वा स्रोतमा पहुँच हुनेहरुले खाएर अघाएर डकारेको गन्ध मात्रै जनताको भागमा पर्ने जुन अवस्था छ, यसको अन्त्य नगरी हिजोको जनयुद्धको बाँकी कार्यभार पूरा हुँदैन। राज्यको नीति निर्माण तहमा पुगेकाहरुले कतिसम्म अत्याचार गर्दा रहेछन् भन्ने बुझ्न नक्कली भुटानी शरणार्थी प्रकरण नै काफी बनिदिएको छ।

आफ्नै नागरिकबाट ठूलो परिमाणमा पैसा लिएर उनीहरुलाई नै अनागरिक घोषणा गरी अर्को देशमा पठाउन तयार हुनु भ्रष्टाचार मात्र होइन, गम्भीर जनघात र राष्ट्रघात हो। यदि यो प्रकरणमा दोषीमाथि कारवाही हुन सक्यो भने नेपालमा सुशासनको जग यहींबाट सुरु हुनेछ। सुशासन एउटा भनिने शब्द मात्र होइन, गरिने व्यवहार पनि हो भनेर पुष्टि हुनेछ। सुशासनको आधार तयार बन्दै गयो भने नेपालमा आफ्नै मौलिकताको समाजवादको आधार खडा हुनेछ। नक्कली शरणार्थी प्रकरणको कारवाहीमा जसरी सरकारले सफलता प्राप्त गरेको छ र जनस्तरबाट व्यापक समर्थन प्राप्त भएको छ, अन्तिमसम्म पनि यो स्थिति कायम रहयो भने नेपालमा सुशासनको क्षेत्रमा यो कोशेढुङ्गा हुनेछ।

सुशासनले नै नेपालमा समृद्धिको आधार तयार गर्नेछ। अहिले नेपाल आर्थिकरुपमा विपन्न हुनुको प्रमुख कारण भ्रष्टाचार हो। देशभित्रै केही गरौं भन्ने ठूलो पंक्ति उपयुक्त वातावरणको अभावमा विदेशिन बाध्य छ। सानो काम गर्दा पनि घुस, भनसुन, पहुँच आदि नभई नहुने र आम जनताको सत्ता र शक्तिसँग पहुँच नहुने कारणले निराश र आक्रोश बढ्दै गएको छ। पछिल्ला निर्वाचनमार्फत जनताले गरेको ब्यालेट विद्रोहको सामान्य अर्थ छैन। जनताले सामाजिक न्याय, सुशासन र समृद्धि चाहेका छन्, त्यसको नेतृत्व कसले गर्छ भन्ने उनीहरुका लागि गौण हुँदोरहेछ।

वर्तमान सरकार गठन भइसकेपछि केही समय जनताले आशा र आशङ्का दुवै हिसाबले नै हेरेका थिए। एपछि अर्को गर्दै सरकारले सामाजिक न्याय, सुशासन र समृद्धिका लागि पक्षमा जसरी प्रभावकारी काम थालेको छ, यसले विस्तारै जनतामा रहेको आशङ्का हट्दै र आशा बढ्दै गएको छ। लामो समयदेखि निराशा र आक्रोश बढ्दै गरेको नेपाली समाजमा जसरी आशावाद देखा पर्न खोज्दैछ, यो निकै ठूलो परिवर्तन हो। यसलाई जोगाउन सके यहींबाट सुरु गर्न सकिने छ समाजवादको नयाँ यात्रा। त्यसैले प्रधानमन्त्री प्रचण्डले उद्घोष गरेजस्तै जनयुद्धको बाँकी कार्यभारको रुपमा रहेको सामाजिक न्याय, सुशासन र समृद्धिको नयाँ लडाइँ पूरा गर्न पनि एकपटक जनयुद्धमा जस्तै जनताको साथ सहयोग आवश्यक छ। *(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रीका सञ्चार विज्ञ हुनुहुन्छ)*

# प्रमुख तीन क्षेत्रले कर्जा पुनःसरचना गर्न पाउने

काठमाडौँ, २९ वैशाख (रासस)।

नेपाल राष्ट्र बैंकले निर्माण व्यवसायी, होटल तथा रेन्टुरेन्ट, पशुपंक्षी पालनसँग सम्बन्धित कर्जालाई पुनःसंरचना /पुनरतालिकीकरण गर्नसक्ने व्यवस्था गरेको छ। आन्तरिक अर्थतन्त्रको विस्तारका लागि यस खालको निर्णय लिइएको बैंकको भनाइ छ।

राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गर्दै वास्तविक क्षेत्रको कर्जा र अन्य क्षेत्रको रु पाँच करोडसम्मको कर्जालाई पुनर्संरचना /पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था गरेको हो।

"अर्थतन्त्रको वास्तविक क्षेत्रमा देखिएको शिथिलतालाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाहको विश्लेषण गरी आवश्यकता र औचित्यताका आधारमा होटल तथा रेष्टुरेन्ट, पशुपंक्षी पालन, निर्माण क्षेत्रसँग सम्बन्धित कर्जा रु पाँच करोडसम्मको अन्य क्षेत्रमा प्रवाह भएको कर्जालाई २०८० असार मसान्तभित्र पुनरसंरचना/ पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने छ", समीक्षामा भनिएको छ। यस्तो व्यवस्थाले कोरोना कहरपछि समस्यामा परेर भर्खर व्यवसाय विस्तार हुने क्रममा रहेका होटल क्षेत्रलाई राहत पुग्ने विश्वास लिइएको छ।

यसैगरी निर्माण तथा निर्माणसँग जोडिएका क्षेत्रलाई थप राहत दिने उद्देश्यका साथ मौद्रिक नीतिको समिक्षामार्फत् कर्जाको पुनरतालिकीकरणको सुविधा दिइएको छ। अर्थतन्त्रमा देखिएको वास्तविक क्षेत्रमा देखिएको समस्या समाधानका लागि यस्तो व्यवस्थाले सहयोग पुग्नेछ।

मौद्रिक नीतिको समीक्षामार्फत बैंक तथा वित्तीय संस्थाहरुबाट जारी भएका ऋणपत्रहरुलाई कर्जा-निक्षेप अनुपात गणनाको समयसमेत थप गरिएको छ। यसअघि साउन १ गतेसम्मका समय दिइएकोमा कर्जा-निक्षेप अनुपात गणना गर्ने प्रयोजनको लागि स्रोत (निक्षेप) को रुपमा गणना गर्न पाउने विद्यमान व्यवस्थालाई २०८० पुस मसान्तसम्मको लागि निरन्तरता दिइएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने तथ्याङ्कको आधारमा पछिल्ला दुई त्रयमाससम्म लगातार ऋणात्मक वृद्धि हुन गएका आर्थिक क्षेत्रहरुसँग सम्बद्ध ऋणीहरुले सुविधा पाउने गरी कोषमा उपलब्ध स्रोतको सीमाभित्र रही पुनःकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।

वास्तविक क्षेत्रमा देखापरेको शिथिलताका कारणले कर्जा चुक्ता गर्न परेको कठिनाइलाई दृष्टिगत गरी अल्पकालीन तथा चालु पुँजी प्रकृतिका कर्जाहरुलाई ब्याज नियमित रहेको अवस्थामा आवश्यकता र औचित्यको आधारमा कुनै किसिमको हर्जाना/शुल्क नलिने गरी तीन महिनासम्मका लागि २०८० असार मसान्तभित्र म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ।

वास्तविक क्षेत्रमा देखापरेको शिथिलताका कारणले लघुवित्त वित्तीय संस्थाका सदस्य ऋणीहरुलाई कर्जा चुक्ता गर्न परेको कठिनाइलाई दृष्टिगत गरी सम्बन्धित संस्थाले आवश्यकता र औचित्यको आधारमा २०८० असार मसान्तभित्र कर्जाको पुनरसंरचना/पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# लगातार किन भइरहेको छ जहाज 'ओभरसुट' ?

**सिबी अधिकारी**
काठमाडौं, २९ वैशाख (रासस)।

यही वैशाख २७ गते भारतको नयाँदिल्लीबाट आएको एयर इण्डियाको जहाजले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) मा अवतरण हुनै लाग्दा 'ओभरसुट' गऱ्यो।

काठमाडौं विमानस्थलमा दिउँसो 'मिस एप्रोच' भएपछि उक्त जहाजले ओभरसुट गरेर सिमरामाथिको आकाशमा करिब एकघण्टा आकाशमा फन्को लगाउने 'होल्ड' भएर पुनः अवतरणको प्रयास गऱ्यो। जहाज अवतरण हुन नसकेपछि भारतको बनारस डाइभर्ट भएको विमानस्थल कार्यालयले जनाएको छ।

त्यसदिन एयर इण्डियासहित अन्तर्राष्ट्रिय उडानका तीन जहाज भारतको बनारस र लखनउ डाइभर्ट भएका थिए। फ्लाई दुबई र इन्डिगो एयरको जहाज पनि लखनउ डाइभर्ट भएको थियो।

विमानस्थलका एक एयर ट्राफिक कन्ट्रोलर (एटिसी) का अनुसार उक्त दिन 'टेल वीन' ( पछाडिबाट लागेको हावा)का कारणले जहाज अवतरण समस्या आएको थियो। अन्तर्राष्ट्रिय उडानका ठूला जहाज धावनमार्गको दक्षिणतर्फबाट मात्रै अवतरण हुन्छ। दक्षिणतर्फ तीव्र गतिको हावा चलेकाले जहाज अवतरण हुन नसकेको विमानस्थलको भनाइ छ।

त्यस्तै वैशाख १६ गते दिउँसो नयाँ दिल्लीबाटै काठमाडौं आएको एयर इण्डियाको जहाजले ओभरसुट गरेको थियो। विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार उक्त जहाज 'अनस्टेवल एप्रोच' भएकाले ओभरसुट गरेको हो।

यसरी एक महिनामै एयर इण्डियाको जहाजले दुई पटक ओभरसुट गऱ्यो। जहाज अनस्टेवल एप्रोच भएर तथा कहिलेकाही एप्रोच प्रोफाइल नमिलेर, जहाज हाई अल्टिच्युट भएर आउँदा पनि ओभरसुट गर्नुपरेको विज्ञहरु बताउँछन्। जहाज ओभरसुट र होल्ड हुँदा सुरक्षाका हिसाबले निकै जोखिम हुने टिप्पणी हुँदै आएको छ तर, जहाज ओभरसुट र होल्ड हुँदा जोखिम नभई थप सुरक्षित हुने उहाँहरुको भनाइ छ।

नेपाल वायुसेवा गिनम (नेपाल एयरलाइन्स) का एक वरिष्ठ पाइलटका अनुसार 'अनस्टेबल एप्रोच' का कारण जहाजले ओभरसुट गर्छन। "ओभरसुट सबभन्दा बढी सुरक्षित हो, ओभरसुटलाई त हामीले 'इन्करेज' गर्नुपर्छ", उहाँले भन्नुभयो, "ओभरसुटलाई अनस्टेवलाइज एप्रोच भन्छ, ९० प्रतिशत धावनमार्गमा हुने दुर्घटना ओभरसुटका कारण हुन्छन्।"

नेपालमा ओभरसुटलाई नकारात्मक रुपमा लिने गरिएपनि संसारभर ओभरसुटलाई सकारात्मक रुपमा लिइन्छ, र सम्बन्धित मुलुकको 'एभिएसन अथोरिटी'ले कारवाही गर्दैनन् तर, नेपालमा ओभरसुट भएपछि नियामक निकायले स्पष्टीकरण लिने गरेको ती वरिष्ठ पाइलटको भनाइ छ।

जहाज अनस्टेवल एप्रोच भएर तथा कहिलेकाहीं एप्रोच प्रोफाइल नमिलेर ओभरसुट हुन्छ। कहिलेकाहीं धावनमार्गमा केही वस्तु देखिएमा पनि जहाज ओभरसुट गरिन्छ।

विसं २०७९ वैशाख १ गते भैरहवास्थित गौतमबुद्ध विमानस्थलमा परीक्षण उडान भरेर काठमाडौं फर्किएको नेपाल एयरलाइन्सको 'वाइड बडी' जहाज अवतरण हुनैलाग्दा ओभरसुट गरेको थियो। पाइलटले धावनमार्गमा प्लास्टिकको सामान देखेपछि एटिसी टावरलाई जानकारी गराएर जहाज ओभरसुट गरी पुनः अवतरण गरेका थिए।

"पहिला म्यान्डेटरी एप्रोच पनि भनिन्थ्यो ओभरसुटलाई तर, अहिले आएर सम्भावित जोखिम न्यूनीकरणका हिसाबलाई यसलाई सकारात्मक रुपमा लिइन्छ, त्यसैले अहिले संसारमा ओभरसुटको विषयलाई लिएर प्रश्न नै नगर्ने भन्ने प्रवृत्ति बनिसकेको छ", उहाँले भन्नुभयो।

जोखिम मोलेर अवतरण गर्नुभन्दा ओभरसुट गर्नु बढी सुरक्षित भएकाले जहाजले ओभरसुट गर्ने गरेको वरिष्ठ पाइलटको भनाइ छ।

विमानस्थलका प्रवक्ता सिटौलाको भनाइमा टिआइएमा दक्षिणतर्फबाट मात्रै ठूला जहाज अवतरण हुने भएकाले जहाज होल्ड हुने र ओभरसुट हुनेगरेको छ। जसका कारण विमानस्थललाई चाप परेको छ। एयर ट्राफिक जाम पनि हुन्छ।

विशेष गरी चैत वैशाख महिनामा धावनमार्गको दक्षिणतर्फबाट बढी हावा चल्ने भएकाले टिआइएमा जहाजले ओभरसुट गर्ने र होल्ड हुने गरेका छन्।

कतिपय अवस्थामा कम्पनीको नियम अनुसार पनि जहाजले ओभरसुट गर्छन्। यसरी ओभरसुट गरेको जहाजले एक राउन्ड लगाएर करिब २० मिनेटको समयावधिमा पुनः अवतरण गर्ने गरेको विमानस्थलले जनाएको छ। सिमरामाथिको आकाशबाट काठमाडौं विमानस्थलमा एप्रोच लिनुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय उडानका जहाजले काठमाडौं विमानस्थलमा अवतरण गर्दा सिमरामाथिको आकाशबाटै एप्रोच लिने गरेका छन्।

यसरी ओभरसुट भएका जहाजका कारण एप्रोचका लागि विभिन्न गन्तव्यबाट आइरहेका अन्य जहाज होल्डमा पर्छन्। यसले अन्तर्राष्ट्रिय विमानस्थलमा एयर ट्राफिक जाम पनि बढाउने गरेको छ। आन्तरिक उडानका जहाजलाई पनि चाप पर्छ। अहिले पनि अन्तर्राष्ट्रिय विमानस्थमा दैनिक एक घण्टासम्म जहाज होल्ड हुने गरेका छन्। विमानस्थलको चापले आन्तरिक उडानका जहाजलाई पनि समस्या हुने गरेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) अति व्यस्त विमानस्थलमा पर्छ। यो विमानस्थल स्थापनाको करिब ७२ वर्षपछि थप दुई अन्तर्राष्ट्रिय विमानस्थल भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्रा(ष्ट्रिय विमानस्थल सञ्चालनमा छन्। हाल मुलुकमा तीन अन्तर्राष्ट्रिय विमानस्थल छन्।

कूल ९२ लाख यात्रु क्षमताको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई यात्रुको सङ्ख्या बर्सेनि बढिरहेको छ। यो विमानस्थलको विकल्पको रुपमा पनि गौतमबुद्ध विमानस्थललाई लिइएको थियो। उक्त विमानस्थलमा अत्याधुनिक उपकरणयुक्त छ।

मौसम खराबी भएको अवस्थामा काठमाडौं विमानस्थलमा अवतरण गर्न नसकेका जहाज भैरहवा विमानस्थलमा सहजै अवतरण गर्नसक्ने गरी यान्त्रिक प्रणाली जडान गरिएको छ।

तथापि यो विमानस्थलको भरपुर उपयोग हुन सकेको छैन। काठमाडौं विमानस्थलमा अवतरण हुन नसकेका जहाज र होल्ड भएका कतिपय जहाजले गौतमबुद्ध विमानस्थल अवतरण गरेका हुँदैनन्। डाइभर्ट भएका अन्तर्राष्ट्रिय उडानका जहाज अझै पनि भारतको बनारस, लगनउ, कोलकात्ता जाने गरेका छन्।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि टिआइएमा चाप कम हुने अनुमान गरिएको थियो। तर, तीन अन्तर्राष्ट्रिय विमानस्थल भएपनि टिआइएको उडान चाप उत्तिकै छ। दुई विमानस्थलले विजनेश पाएका छैनन्।

**दैनिक एक घण्टा होल्ड**

यही वैशाख १९ गते कतार एयरवेजको जहाज करिब एक घण्टा होल्ड भयो। दोहाबाटै काठमाडौं आएको नेपाल एयरलाइन्सको जहाजले तीन फन्का मारेको थियो। भारतको नयाँदिल्लीबाट आएको इण्डिगो एयर पनि केहीबेर होल्डमा बसेको थियो। कतिपय मौसमको खराबीले र कुनै कम्पनीको नियमअनुसार 'भिजिबिलिटी' हेरेर मात्रै अवतरण गर्दछन्।

टिआइएमा दैनिक आन्तरिक र अन्तर्राष्ट्रिय गरी दैनिक तीन सयभन्दा बढी उडान हुने गरेको छ। अन्तर्राष्ट्रियमा तीन नेपालीसहित २९ एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन्। आन्तरिकतर्फ ११ हेलिकोप्टर कम्पनीसहित २० हवाई सेवा प्रदायक कम्पनीले सेवा सञ्चालन गरिरहेका छन्।

# विदेशी लगानीप्रतिको धारणा सकारात्मक बनाउनु आवश्यक : विज्ञ

काठमाडौं, २९ वैशाख (रासस)।

नेपालमा विदेशी लगानी भित्र्याउने विषयमा कर्मचारी र सरकारको धारणा स्पष्ट हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

लगानी बोर्डको कार्यालय र स्ट्यान्डर्ड चार्टर्ड बैंकको आयोजनमा काठमाडौंमा सुरु भएको 'नेपालका लागि वित्तीय लगानीसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, २०२३'को पहिलो सत्र 'वित्तीय स्रोतको परिचालन र प्रत्यक्ष विदेशी लगानी'मा बोल्ने विज्ञले सरकारले लगानी भित्र्याउनका लागि नीतिगत सुधारका साथै सरकारको सकारात्मक धारणा बनाउनुपर्नेमा जोड दिनुभएको छ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा प्रकाशकुमार श्रेष्ठले नेपालमा लगानी ल्याउनका लागि आवश्यक नीतिगत सुधार, सरकार तथा कर्मचारीतन्त्रमा खुला तथा उदार सोचका साथै नेपालमा लगानीका क्षेत्रसम्बन्धी प्रचारप्रसार आवश्यक रहेको बताउनुभयो।

उहाँले नेपालको अर्थतन्त्र मुद्रास्फीतिलगायतका समस्याका बाबजुद पनि स्थिर रहेको अर्थतन्त्रमा कैयन समस्या हुँदा पनि अहिलेसम्म टाट पल्टने अवस्था नआएको भनाइ व्यक्त गर्नुभयो।

नेपालको विकासका लागि ठूलो मात्रामा लगानी आवश्यक रहेको भन्दै उहाँले आन्तरिक स्रोत पर्याप्त नभएको उल्लेख गर्नुभयो। "हामीसँग विकासका लागि पर्याप्त आन्तरिक स्रोत नभएको अवस्थामा विदेशी लगानी आवश्यक छ", उहाँले भन्नुभयो, "यसका लागि ग्रीन फाइनान्सिङ, प्रत्यक्ष विदेशी लगानी तथा ब्लेन्डेड फाइनान्समार्फत लगानी ल्याउन सक्नुपर्छ।"

श्रेष्ठले नेपालको जलविद्युत, पर्यटनलगायतका क्षेत्रमा लगानी आवश्यक रहेको भनाइ राख्नुभयो। उनले विदेशी लगानी ल्याउनका लागि सहज वातावरण निर्माणमा ध्यान दिनुपर्ने बताउनुभयो। "नीतिगत सुधार रातारात हुँदैन, तर अहिलेदेखि नै सुधार गर्नुपर्छ", उहाँले भन्नुभयो, "अहिलेको आवश्यकता विदेशी लगानी ल्याउनमा केन्द्रित हुनुभन्दा पनि धान्न सक्ने क्षमता बढाउनुपर्नेमा हुनुपर्छ।"

इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिजका कार्यकारी निर्देशक डा विश्वास गौचनले नेपालमा 'कस्ट अफ डुइड' उच्च भएकाले लगानी ल्याउन नसकिएको बताउनुभयो। "नेपालमा श्रमिकको पारिश्रमिक र कस्ट अफ डुइड अन्य देशको तुलनामा बढी छ, विदेशी लगानी ल्याउनका लागि यस्ता क्षेत्रमा सुधार आवश्यक छ।"

उहाँले चीन र भारतसँग उत्पादन क्षेत्रमा प्रतिस्पर्धा गर्न नसक्ने भन्दै नेपालले सेवामूलक क्षेत्रमा लगानी बढाउन सके फाइदा पुग्ने बताए। उनले विगत ३० वर्षयता राजनीतिक सङ्क्रमणकालका कारण पनि पर्याप्त विदेशी लगानी ल्याउन नसकिएको धारणा राख्नुभयो।

कार्यक्रममा समृद्धि द प्रोस्पेरिटी फाउन्डेसनका अर्थशास्त्री अर्पिता नेपालले हामीलाई कस्तो खालको विदेशी लगानी आवश्यक हो त्यसमा स्पष्ट हुनुपर्ने बताउनुभयो।

उहाँले ग्वाटेमाला र भियतनामको उदाहरण दिँदै नेपालले कुन क्षेत्रमा लगानी आवश्यक छ सोहीअनुसार लगानी भित्र्याउन प्रयास गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले प्रादेशिकस्तरमा ठूलो लगानी आवश्यक भएको भन्दै त्यसतर्फ ध्यान दिनुपर्ने सुझाव दिनुभयो। क्रेडिट रेटिङ तथा पुँजी नियन्त्रणलगायतका समस्याले अपेक्षाकृतरुपमा नेपालमा लगानी ल्याउन नसकिएको उहाँको भनाइ छ।

स्ट्यान्डर्ड चार्टर्ड बैंक, सस्टेनेबल फाइनान्स, इएसआरएमका कार्यकारी निर्देशक हेथ गिब्सनले नेपालसँग अन्तर्राष्ट्रियस्तरका वातावरणीय र

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### चुनाव नजिकिँदै गर्दा कुनै विद्रोह नगर्ने थाइल्यान्डका सेना प्रमुखको वाचा

बैंकक, २९ वैशाख, (रासस-एएफपी)।

थाइल्यान्डका सेना प्रमुखले सैन्य-समर्थित सरकार कमजोर साबित हुन सक्ने आँकलन सहितको राजनीतिक दलहरूलको चुनावी र्‍यालीहरूको अगाडि बढ्दै गर्दा त्यहाँ कुनै राजनीतिक कू को सम्भावना नभएको प्रष्ट पारेका छन्। सेनाले थाइल्यान्डमा दर्जनौं पटक सत्ता कब्जा गरे पनि जनरल नारोङपान जितकाउथले सन् २०१४ मा त्यस्तो नदोहोरिने वाचा गरेका थिए। मतदाताहरूले पूर्व सेना प्रमुख र विद्रोही नेता प्रधानमन्त्री प्रयुत चान-ओ-चाको सरकारको पराजय हुन सक्ने भविष्यवाणी गरिरहँदा सेना सत्तामा टाँसिने प्रयास गर्न सक्छ भन्ने डर भने आम जनतामा रहेको छ। तर नारोङपानले बिहीबार पत्रकार सम्मेलनमा विगतका विद्रोहहरू "धेरै नकारात्मक" भएको भन्दै सैन्य शासनमा फर्किने अवस्था नरहेको बताएका छन्। "त्यहाँ अब (कू) हुनु हुँदैन। मेरो लागि, यो शब्द शब्दकोशबाट मेटाइनुपर्छ," उनले भनेका छन्।

आइतबारको चुनाव पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राकी ३६ वर्षीया छोरीले नेतृत्व गरेको फेउ थाईको नेतृत्वमा रहेको विपक्षी र प्रयुतले मूर्त रूप लिएको पुरानो रूढिवादी शाहीवादी-सैन्य शक्तिबीचको भीडन्तको रूपमा हेरिएको छ। फेउ थाई चुनावमा अगाडि देखिएको छ र तल्लो सदनमा धेरै सिट जित्दा पनि सत्ता हात पार्ने कुनै निश्चितता भने छैन। प्रधानमन्त्रीलाई ५०० निर्वाचित सांसद र २५० सिनेटले छनोट गर्नेछन् - जसका सदस्यहरू सेनाको पक्षमा रहेका र प्रयुतको जन्टाले नियुक्त गरेका थिए। फेउ थाईको मुख्य विपक्षी प्रतिद्वन्द्वी मुभ फर्वार्ड पार्टीले भने पुरानो राजनीतिक प्रणालीप्रति गहिरो असन्तुष्टि व्यक्त गर्ने युवा समूहको को व्यापक समर्थन पाएको छ। यता ६९ वर्षीय प्रयुतले देशको यो जटिल कालखण्डमा राज्य सञ्चालनका निम्ति अनुभव भएका व्यक्तिको रूपमा आफूलाई प्रस्तुत गरेका छन्।

### युक्रेनद्वारा गुमेको बखमुत वरपर २ किलोमिटरसम्म पुनः दाबी

कीभ २९ वैशाख, (रासस-एएफपी)।

युक्रेनले पूर्वी डोनेट्स्क क्षेत्रको बाख्मुट शहरको वरिपरि आफ्नो गुमेको क्षेत्रमा पुनः प्राप्तिका लागि महत्त्वपूर्ण प्रगति गरेको बताएको छ। सो क्षेत्र महिनौंदेखि रुससँग जारी लडाईको केन्द्रबिन्दुको रूपमा रहेको छ। "शत्रुले जनशक्तिको ठूलो क्षति बेहोरेको छ। हाम्रा रक्षा बलहरू बखमुत नजिक दुई किलोमिटर (करिब एक माइल) अगाडि बढेका छन्। हामीले यस हप्ता बखमुतमा एउटा पनि स्थान गुमाउनु परेन," उप रक्षामन्त्री गन्ना मल्यारले सामाजिक सञ्जालमा एक विज्ञप्तिमा उल्लेख गरेका छन्।

### टर्की-युक्रेन अन्न सम्झौता विस्तार हुँदै

इस्तानबुल, २९ वैशाख, (रासस-एएफपी)।

टर्कीले युद्धग्रस्त युक्रेनबाट अनाज निर्यात गर्न अनुमति दिने सम्झौता विस्तार गर्ने वार्ता सम्झौताको नजिक पुगेको बताएको छ। टर्कीका रक्षामन्त्री हुलुसी अकारले विज्ञप्ति जारी गर्दै भनेका छन् - "हामी अनाज सम्झौताको विस्तारमा सम्झौतातर्फ अघि बढिरहेका छौं।" युक्रेनमा जारी द्वन्द्वले युरोपमा खाद्यान्न सङ्कट निम्त्याको छ भने त्यसको परोक्ष असर विश्वभरि नै देखिएको छ।

### महिलाले ट्विटरको नेतृत्व गर्ने : मस्क

वाशिङ्टन, २९ वैशाख, (रासस-एएनआई)।

ट्विटरका प्रमुख कार्यकारी एलोन मस्कले एकजना महिलाले ट्विटरको नेतृत्व गरने बताएका छन्। यसको नेतृत्वका लागि एनबीसीयूनिभर्सलमा ग्लोबल विज्ञापन र साझेदारीको अध्यक्ष लिन्डा याकारिनोलाई नियुक्त गर्न लागेको न्युयोर्क टाइम्सले उल्लेख गरेको छ। न्युयोर्क टाइम्सका अनुसार नाम न छाप्ने शर्तमा एकजना अधकारीले यसको प्रक्रिया नकै अगाडि बढेको बताएका छन्। उनका अनुसार याकारिनो मस्कसँग गत हप्तादेखि छलफलमा चलिरहेको छ। गत महिना, याकारिनोले मियामीमा एक विज्ञापन कार्यक्रममा मञ्चमा मस्कसँग अन्तर्वार्ता लिएको समाचार सार्वजनिक भएको छ। यसअघि बिहीबार पनि मस्कले ट्वीटरका लागि प्रमुख कार्यकारी चयन गरेको तर परिचय भने नखुलाएको बताइएको छ।

यस्तै वाल स्ट्रिट जर्नलले पनु याकारिनो मस्कसँग वार्तामा रहेको उल्लेख गरेको छ। गत वर्ष ४४ अर्ब अमेरिकी डलरमा ट्वीटर किनेका मस्कले प्रमुख कार्यकारीको नियुक्त फरक व्यक्तिको भए पनि कम्पनीमा बलियो पकड कायम राख्नेछन्। ट्विटरको मालिकको रूपमा उनले यसका ७,५०० कर्मचारीहरू मध्ये ७५ प्रतिशत भन्दा बढी हटाउने र अनेक किसिमका सेवा सुविधाहरू र रणनीति परिवर्तन गरेर यसमा आफ्नो पकड बलियो बनाएका थिए। निवर्तमान सीईओले भर्खरै ट्विटरमा अर्को अपडेट थप्ने घोषणा गर्का छन् जसले यसको प्रयोगकर्ताहरूलाई ईन्क्रिप्टेड सन्देश सेवामा प्रारम्भिक पहुँच गर्न अनुमति दिनेछ। अपडेट हाल प्रमाणित प्रयोगकर्ताहरूको लागि मात्र उपलब्ध छ।यसअघि मे ११ मा मस्कले इन्क्रिप्टेड मेसेजिङको प्रारम्भिक संस्करण शुरु भइरहेको बारे अपडेट गर्दै ट्वीट सार्वजनिक गरिएको थियो।

# नागरिकतासम्बन्धी विधेयक प्रमाणीकरण गर्नुपर्छ : अध्यक्ष यादव

जनकपुरधाम, २९ वैशाख (रासस)।

जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले संसद्बाट दुई पटक पारित भइसकेको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गर्न राष्ट्रपतिलाई आग्रह गर्नुभएको छ।

जनकपुरधाममा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले सार्वभौम संसद्ले पारित गरेको कानुनलाई अड्काउन नपाइने भए पनि विगतमा गलत अभ्यास भएको आरोप लगाउनुभयो।

“संसद्बाट पारित कानुनलाई राष्ट्रपतिले पहिलो पटक फिर्ता पठाउने प्रावधान भए पनि दोस्रो पटक पठाउँदा १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने प्रावधान छ। यदि प्रमाणीकरण नभएमा स्वतः कानुन बन्नुपर्ने हो। संसदीय अभ्यास भएका देशमा पनि यही अभ्यास छ”, अध्यक्ष यादवले भन्नुभयो, “नेपालमा भने राष्ट्रपतिले प्रमाणीकरण नगरेपछि विधेयक वा अध्यादेश नै स्वतः निस्क्रिय हुने गलत काम भयो। अब वर्तमान राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्छ भन्ने मत सत्ता गठबन्धनको र त्यसो गर्दा कानुनसम्मत् नै हुन्छ भन्ने राय कानुनविद्को पनि छ।”

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि संविधान नै बाधक भएकाले त्यसलाई संशोधन गरेर अगाडि बढ्नुपर्ने भन्नुहुँदै अध्यक्ष यादवले प्रदेश सरकारलाई बलियो बनाउन संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्न सबै इमान्दार बन्नुपर्ने धारणा राख्नुभयो। “मन्त्री, सुरक्षा गार्ड र झण्डा हल्लाएर मात्रै हिँड्ने अवस्था अन्त्य गर्नुपर्छ। यसका लागि निजामती सेवा ऐन र प्रहरी समायोजनसम्बन्धी ऐन चाँडोभन्दा चाँडो पारित गरेर सङ्घीयताको संस्थागत विकास गर्नुपर्छ”, उहाँले भन्नुभयो।

त्यसैगरी भुटानी शरणार्थी प्रकरणको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो।

# नेता चयन गरेपछि मात्र सरकारमा थप मन्त्री पठाउने : जसपा

**दैनिक समाचारदाता**
**राजविराज, २९ बैशाख।**

जनता समाजवादी पार्टी नेपाल (जसपा)ले संसदीय दलको नेता चयन गरेपछि मात्र सरकारमा थप मन्त्री पठाउने भएको छ।

भागबण्डमा पाएको दुई वटा मन्त्रालयमा एउटा मन्त्री पठाउन बाँकी छ। प्रधानमन्त्री प्रचण्डले जसपाका लागि वन मन्त्रालय राखिरहेका छन् भने सो पार्टीले मन्त्री नपठाएको कारण सरकारले अझै पूर्णता पाउन सकेको छैन।

तर, जसपा तत्काल मन्त्री पठाउने पक्षमा नदेखिएको हो। जसपाका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले संसदीय दलको नेता चयन गरेपछि मात्र जसपाले थप मन्त्री पठाउने बताए।

यसअघि संसदीय दलको नेतामा चयन भएका रामसहाय यादव उपराष्ट्रपति बनेपछि सो पद खाली थियो। उपनिर्वाचनबाट निर्वाचित भएर आएसँगै अध्यक्ष उपेन्द्र यादवलाई संसदीय दलको नेता बनाउन जसपाले प्रक्रिया सुरु गरिसकेको छ। वैशाख २७ गते बसेको कार्यकारिणी समितिको बैठकले तीन सदस्य निर्वाचन समिति गठन गरेको हो।

जसअनुसार समितिले विधानको व्यवस्था बमोजिम निर्वाचन प्रक्रियाबाट संसदीय दलको नेता छान्ने बताइएको छ।

# एमालेले जेठदेखि चैतसम्म कार्यक्रम सञ्चालन गर्ने

काठमाडौँ, २९ वैशाख (रासस)।

नेकपा (एमाले) एक वर्षको कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने भएको छ।

ललितपुरस्थित पार्टी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा एमाले प्रचार विभागका उपप्रमुख विष्णु रिजालले मिसन ग्रासरुट अभियानबाट प्राप्त भएको सुझावका आधारमा पार्टीले आगामी जेठदेखि चैतसम्म वार्षिक कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने जानकारी दिनुभयो।

पार्टी सुदृढीकरण गर्नका लागि एमालेले गत फागुन ५ गतेदेखि दुई महिना मिसन ग्रासरुट अभियान सञ्चालन गरेको थियो। उहाँले अहिले बसिरहेको केन्द्रीय कमिटी बैठकमा मिसन ग्रासरुट अभियानको प्रदेश तहबाट सुझाव दिई भोलि बिहान बस्ने पार्टीको स्थायी कमिटी बैठकले वार्षिक कार्ययोजना तयार पार्ने बताउनुभयो।

“प्रदेश तहबाट प्राप्त सुझावलाई विश्लेषण गर्दै र केन्द्रीय नेतृत्वले सोचेका योजना समायोजना गर्दै स्थायी कमिटी बैठकले पार्टीको वार्षिक कार्ययोजना तयार पार्ने छ”, उहाँले भन्नुभयो, “स्थायी कमिटीले तयार पारेको कार्ययोजनाको खाका भोलि नै बस्ने केन्द्रीय कमिटी बैठकमा २०८० जेठदेखि चैतसम्म एमालेले देशव्यापी सञ्चालन हुने गरी पारित गरिनेछ।”

उहाँले जनताको पहिलो रोजाइबाट आगामी २०८४ सालको निर्वाचनमा पहिलो शक्ति बनाउने गरी कार्ययोजना बन्ने उहाँको भनाइ थियो। केन्द्रीय कमिटी बैठकमा महासचिव शङ्कर पोखरेलले आगामी कार्ययोजनाका सम्बन्धमा मार्गदर्शन दिनुभएको थियो।

यस्तै, केन्द्रीय कमिटी बैठकमा पाँच प्रदेशले मिसन ग्रासरुट अभियानको समीक्षा प्रतिवेदन गरेका छन्। नेता रिजालका अनुसार बागमती प्रदेशका तर्फबाट सचिव गोकर्णराज विष्ट, पेसागत विशेष समितिबाट स्थायी कमिटी सदस्य सुजिता शाक्य, सम्पर्क समन्वय समितिका तर्फबाट स्थायी कमिटी सदस्य लालबाबु पण्डित र गण्डकी प्रदेशका तर्फबाट सचिव पद्म आर्यालले मिसन ग्रासरुट अभियानको समीक्षा प्रतिवेदन प्रस्तुत गर्नुभयो।

बिहीबार र शुक्रबार प्रस्तुत गरिएको मिसन ग्रासरुट अभियानको समीक्षामाथि सातवटा प्रदेश सात टोली तथा पेसागत विशेष र सम्पर्क समितिको एक टोली गरी समहूगत छलफलसमेत गरिएको केन्द्रीय सदस्यसमेत रहनुभएका रिजालले जानकारी दिनुभयो। ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा बसिरहेको बैठक यही वैशाख ३० गतेसम्म चल्ने छ।

## *विदेशी लगानीप्रतिको ...*

सामाजिक प्रभावसँगसम्बन्धित नीति भएको उल्लेख गर्दै बैंकले सधैँ नेपालजस्ता मुलुकमा लगानीका लागि तयार रहेको बताउनुभयो।

पहिलो सत्रमा कार्यपत्र प्रस्तुत गर्दै अर्थमन्त्रालयका सहसचिव श्रीकृष्ण नेपालले नेपालमा लगानी ल्याउनका लागि नीतिगत स्थिरतामा ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले निजी क्षेत्र पनि विदेशी लगानी ल्याउने विषयमा उदार हुनुपर्ने भन्दै विदेशी लगानी आउँदैमा सुरक्षा जोखिम हुन्छ भन्ने गरी धारणा राख्न नहुने उल्लेख गर्नुभयो।

नेपालको कूल गार्हस्थ्य उत्पादनको दुई प्रतिशत विदेशी लगानी भएको उहाँको भनाइ छ। “तीस लाखभन्दा बढी जनसङ्ख्या विदेशमा छ, अर्थतन्त्र रेमिटचान्सले धानेको अवस्था छ”, उहाँले भन्नुभयो, “हामीलाई दिगो विकासका लक्ष्य पूरा गर्नका लागि प्रत्येक वर्ष रु पाँच खर्ब आवश्यक छ। त्यसका लागि पनि विदेशी लगानी आवश्यक छ।”

उहाँले नेपालको विकासमा सहायताले मात्रै वित्तीय आवश्यक पूरा नहुने भन्दै निजी क्षेत्रको लगानी बढाउनका लागि वित्तीय क्षेत्रमा नविनतम औजार ल्याइनुपर्नेमा जोड दिनुभयो। उहाँले नेपालले न्यून परिपूरक कोष, अनुदान तथा सहयोगका माध्यमबाट लगानी ल्याउन सक्ने बताउनुभयो।

## *हरवा चरवाहरुको ...*

नापी कार्यालय सप्तरीका प्रमुख सत्रुधन यादवले सुकुम्बासी भुमिहिनहरुको लगत संकलनको काम भईरहेको र प्रक्रिया पुर्‍याएर जग्गा धनी पुर्जा वितरण गरिने बताए। लगत संकलनका लागि स्थानीय सरकारले सहयोग आग्रह गर्दै उनले भुमिहिन सुकुम्बासीहरुको लगत संकलन भएपछि जग्गा वितरणमा सहजता हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा हरवा चरवा अधिकार मञ्च डाक्नेश्वरी नगर समितिका सदस्य रामदेव सदाले बर्षौदेखि बस्दै आएको जग्गा खाली गराउन मुद्दा हालेपछि हरवा चरवा परिवार उठिबासको समस्यामा परेको दुखेसो पोखे।

हरवा चरवा अधिकार मञ्च डाक्नेश्वरी नगर समितिका मधु सदाले पछिल्लो समय हरवा चरवा परिवार उठिबासको समस्यामा पर्दा पनि जनप्रतिनिधिको त्यसतर्फ ध्यान नदिएको बताए। हरवा चरवाहरुलाई स्वरोजगार कार्यक्रममा समेट्न आग्रह गर्दै बिना पुर्वाग्रही सेवासुबिधा उपलब्ध गराउनुपर्ने बताए।

सो कार्यक्रममा शम्भुनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार दास, राष्ट्रिय भुमि आयोग सप्तरीका सदस्यद्वय हरिनारायण महतो, अनारबति चौधरी, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य ललिता साह लगायतले हरवा चरवाको पुर्नस्थापना र मुक्तिको घोषणा कार्यान्वयनमा सबै गम्भीर हुनुपर्नेमा जोड दिएका थिए।

## *मानव तस्करी ...*

सूत्रधारहरुमाथी सुक्ष्म अनुसन्धान तथा कानुन बमोजिम कडा कारवाही हुनु पर्ने माँग गरिएको छ।

देशको अन्तराष्ट्रिय छवी नै धमिलो हुने गरी नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउन संगठित रुपमा राज्य शक्तीको दूरुपयोग प्रकरणले सारा नेपालीलाई अन्तराष्ट्रिय जगतमा शिर निहुराउने अवस्थामा पुर्‍याएको ज्ञापन पत्रमा उल्लेख छ।

यस्तो राष्ट्रघाती र देशद्रोही कार्यमा सरिक जुनसुकै तहका ब्यक्ती भएपनि कानूनी दायरामा ल्याई कडा कारवाही हुनु पर्ने ज्ञापन पत्र मार्फत माँग गरिएको छ। ज्ञापन पत्रमा यस अघि भएका ठूलठूला भ्रष्टाचार काण्डका फायलहरु खोली अनुसन्धान थाल्न तथा २०४६ पछिका सबै उच्चपदस्थ नेता र कर्मचारीको सम्पत्ती छानवीन गरि अबैध सम्पती जफत गर्नु पर्ने माँग समेत गरिएको छ।

अनुसन्धानको क्रममा निर्दोष व्यक्ती पक्राउ पर्नू हुन्न, तर अनुसन्धानको क्रममा दोषी देखिएकाहरु उपर कुनै दवावमा नपरी सख्त सजाय हुने गरी सम्भव भए सम्मका मुद्दा दायर गरिनु पर्ने ज्ञापन पत्रमा मार्फत माँग गरिएको छ।

ज्ञापन पत्रमा उक्त अपराध जालोको प्रमुख योजनाकारहरु सम्मै पुगेर राज्य प्रशासनले संलग्न सबैलाई कारवाहीको दायरामा नल्याए सदनदेखि सडकसम्म आन्दोलन चर्काउने चेतावनी समेत दिइएको छ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।
यसका लक्षणहरु:
➢ दुःखी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
➢ निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
➢ कुनै पनि कुरामा खुशी नहुनु,
➢ जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
➢ आत्महत्यासम्मको विचार आउनु,
यसबाट बच्न,
➢ परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
➢ नियमित रुपमा शारिरीक अभ्यास, योग तथा ध्यान गर्ने,
➢ निश्चित समयमा सुत्ने र उठ्ने,
➢ स्वस्थ र सन्तुलित खाना खाने,
➢ धुम्रपान र मद्यपानजस्ता कुलतबाट टाढा रहने,
➢ बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
➢ मानसिक समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*